# मिति २०७५।४।१६ मा बसेको प्रदेश मन्त्रिपरिषदको बठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/२१/२०७५-०४-१५ को प्रदेश नीति तथा योजना आयोगमा विशेषज्ञ नियुक्ति गर्ने सम्बन्धी प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

२. भौतिक पूर्वाधार विकास मन्त्रालय को नं ०६/०४/२०७५-०४-१५ को प्रादेशिक संरचनाहरुको व्यवस्थापनका लागि प्रस्तावित जग्गाहरुको स्वामित्व प्रदेश सरकारको नाममा ल्याउन संघीय सरकारमा अनुरोध गर्ने विषयको प्रस्ताव सम्बन्धमा - "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

क) संलग्न प्रस्तावित सूचीको सि.न. ३,४,१२,१४,१८,२४ र ३२ का प्रस्तावित स्थान खण्ड खण्डमा उल्लेख भएको "वा" शव्द हटाइ "र" शव्द राखे । प्रादेशिक संरचना खण्डको सि.न.३५ मा "र कारागार कार्यालय, कास्की" वाक्यांश थप गर्ने ।-

ख) अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं ०३/१३/२०७५-०४-१६ को चलचित्र घरको मनोरञ्जन कर घटाउने सम्बन्धी प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

४. मिति ५-१४ सेप्टेम्वर २०१८ मा चीनमा हुने Public Administration for Ministerial Officials विषयक सेमिनारमा सहभागी हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषदकको कार्यालयका बैठक तथा प्रशासन महाशाखाका सचिव श्री लालमणि ओझालाई मनोनयन गर्ने निर्णय गरियो ।-

५. पोखरा लेखनाथ महानगरपालिका वडा नं १७ अन्तर्गत पर्ने डयामसाईडमा उक्त महानगरपालिकाको पचास प्रतिशत लागत र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशबाट पचास प्रतिशत लागत समपुरक अनुदान मार्फत भुक्तानी दिने गरी राष्ट्रिय झण्डा सहित "माछापुच्छ्रे प्रतिविम्व स्थल" निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो ।-